# उत्तरगया गाउँपालिकाको छात्रवृत्ती वितरण सम्बन्धी कार्यविधि २०८० को पहिलो संसोधन

पहिलो संसोधन २०८१।०८।१७ गते

६..छात्रवृति रकम/प्रकारः

विद्यालय शिक्षा परीक्षा वा सो सरह उत्तीर्ण गरेका यस गाउँपालिका भित्र स्थायी वसोबास भएका विद्यार्थीहरुलाई उच्च शिक्षा हासिल गर्न सहयेग स्वरुप तल उल्लेखित रकम ननाघ्ने गरी तोकिएको संख्यामा यस शिर्षकबाट खर्च गर्न सकिने छ । उच्च शिक्षा अध्ययन छात्रवृत्तिका लागि विद्यार्थी छनौटको अन्तिम निर्णय उत्तरगया गाउँपालिकाको कार्यपालिकाले गर्ने छ ।

| क्र.सं. | छात्रवृत्ति प्रदान गरिने विषय क्षेत्र/तह | संख्या | छात्रवृत्ति बापतको रकम | कैफियत |
|---|---|---|---|---|
| १ | विद्यावारिधि | माग बमोजिम | १००००० /- | प्रति व्यक्ति एकपटक |
| २ | एम.वि.वि.एस | १ | ३,००,०००/- | प्रति वर्ष |
| ३ | सिभिल ईन्जिनियर अध्ययन | १ | १,२५,०००/- | प्रति वर्ष |
| ४ | सी एस आइ टी | १ | १,२५,०००/- | प्रति वर्ष |
| ५ | शुद्ध विज्ञान अध्ययन स्नातक तह | १ | ५०,०००/- | प्रति वर्ष |
| ६ | शिक्षा विज्ञान अध्ययन स्नातक तह | १ | ५०,०००/- | प्रति वर्ष |
| ७ | स्टाफ नर्स | २ | ५०,०००/- | प्रति वर्ष |
| ८ | हेल्थ असिष्टेन | २ | ५०,०००/- | प्रति वर्ष |

माथि उल्लेखित शिर्षक न ३ र ४ मा कुल संख्यामा २ नबढ्ने गरी विद्या परिवर्तन गर्न सकिने, शिर्षक न ५ र ६ मा कुल संख्यामा २ नबढ्ने गरी विद्या परिवर्तन गर्न सकिने र शिर्षक न ७ र

८ मा कुल संख्यामा ४ नबढ्ने गरी छात्रवृर्ति वितरण गर्न सकिनेछ । साथै हेल्थ असिष्टेनको हकमा गत आर्थिक वर्षहरुमा छात्रवृर्ति प्राप्त गरेका विद्यार्थीहरुलाई पनि यसैं कार्यविधि बमोजिमको रकम उपलब्ध गराइनेछ।

यसैगरी यसै शिर्षकबाट प्राविधिक (प्रमाण पत्र तह वा सो सरह) धारतर्फ उल्लेखित क्षेत्र/विषय अध्ययन गर्नका लागि एस.इ.इ वा सो सरह उत्रिर्ण गरेका, उत्तरगया गाउँपालिका भित्र स्थायी वसोबास गर्ने विद्यार्थीहरुबाट परेको आवेदन र छनौट समितिको सिफारिसका आधारमा कार्यपालिकाको निर्णय बमोजिम कुल १५ जनामा नबढ्ने गरी प्राविधिक धारतर्फ ३ वर्षे कोर्ष अध्ययनका लागि प्रति विद्यार्थी वार्षिक रु २०,००० । का दरले शर्तहरु समेत उल्लेख गरी छात्रवृत्ति प्रदान गरिने छ ।

| क.स | अध्ययनको विषय क्षेत्र | छनोट गरिने संख्या | कफियत |
|---|---|---|---|
| १ | कृषि विज्ञान | ५ | |
| २ | पशु विज्ञान | ५ | |
| ३ | सव इन्जिनियर सिविल | ३ | |
| ४ | सव इन्जिनियर मेकानिकल | १ | |
| ५ | सर्वेक्षक | १ | |
| | जम्मा | १५ | |

यस शिर्षक अन्तरगत छात्रवृत्ति अध्ययनका लागि तोकिएको विषय क्षेत्रकां कोटाहरुमा कुनैमा न्युनतम आवश्यक संख्यामा समेत आवेदन नपर्ने तथा कुनैमा आवश्यक संख्या भन्दा धेरै आवेदन परेको खण्डमा कार्यपालिकाको निर्णय बमोजिम जम्मा १५ जनामा नबढ्ने गरी विषय र क्षेत्र छनौट गरिने संख्या थपघट गर्न बाधा पुग्ने छैन । एम.बी.बी.एस अध्ययनको लागि हरेक ३ वर्षमा एकपटक मात्र आवेदन

आव्हान गरिनेछ तर कुनै वर्षको आवेदनमा एम.बी.बी.एस अध्ययनको लागि कसैको दरखास्त नपरेमा अर्को वर्ष आवेदन मागका लागि बाधा पर्ने छैन ।

यस कार्यविधिमा उल्लेख भएका विषयहरु प्रचलित कानुनसँग बाझिएको ठहरेमा आवश्यक संसोधन तथा परिमार्जन गर्न सकिनेछ ।